कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# सिक्लेस हाइड्रोपावर लिमिटेड
# Sikles Hydropower Limited

रजिष्ट्रार कार्यालयः लेखनाथ- ०७, पोखरा, कास्की
फोन नं.: ०६१-४६५८०६, ५२७८०७, ४६२७७४
इमेल : sikleshydro13mw@gmail.com, वेभसाईटः www.sikleshydro.com.np

## साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द गरिएको बारे सूचना

सिक्लेस हाइड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु. ८५,००,००,०००/- (अक्षरेपी पचासी करोड मात्र) को १३.५३% अर्थात् रु.११,५०,००,०००/– (अक्षरेपी एघार करोड पचास लाख) रकम बराबरको रु.१००/– अंकित दरको ११,५०,००० कित्ता साधारण शेयर मध्ये ५% अर्थात् ५७,५०० कित्ता साधारण शेयर सामुहिक लगानी कोष र ३% अर्थात् ३४,५०० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि सुरक्षित गरि बाँकी १०,५८,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि मिति २०७९ भाद्र २९ गते बुधबार देखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा **आज मिति २०७९ आश्विन ०२ गते आईतबार (बैकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु, ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारिक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०७९ आश्विन ०२ गते आईतबार (बैकिङ्ग समय पश्चात्)** बन्द गर्नु/गराउनुहुन अनुरोध गर्दछौं।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सम्पूर्ण संकलन केन्द्रहरु, ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकायहरु तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं।

| दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या : १० कित्ता | दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १,००,००० कित्ता |
|---|---|

**कम्पनीको विगत तथा आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरण:**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व.०७५/०७६ | आ.व.०७६/७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९१.७८ | १०३.६४ | ११६.८६ | ११४.८२ | १२०.५६ | १२८.२९ |
| प्रति शेयर आम्दानी (रु.) | (४.९५) | ११.८६ | १६.८२ | ९.९८ | १५.७४ | १७.७३ |
| संचित नाफा/नोक्सानी (रु. हजारमा) | (५३,४१४) | २३,६५१ | १,०९,५६४ | १,२६,००४ | १,७४,७९७ | २,४०,४७८ |

### प्रति मेगावाट कुल लागत सम्बन्धी विवरण:

**संगठित संस्थाको वित्तीय विवरण अनुसार १३ मेगावाट क्षमताको यस आयोजनाको कुल लागत रु २,३१,७६,५५,०००/- र प्रति मेगावाट उत्पादन लागत लगभग रु. १७,८२,८१,१५४/- करोड मात्र रहेको छ ।**

### विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्बन्धी विवरण:

**अनुमतिपत्र बहाल रहने अवधि मिति २१०५/११/२० गतेसम्म रहेकोले २६ वर्ष १० महिना बाँकी रहेको छ ।**

### लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी व्यवस्था:

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) ८.९१ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १२.९९ वर्ष रहेको छ ।**

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

**यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल काठमाडौंले मिति २०७८/०६/२० गते "CARE-NP BB+(Is)" रेटिङ्ग प्रदान गरेको छ । जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) जनाउँदछ । केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS) (देखि CARE-NP D (IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ । CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ । दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ । सो रेटिङ्ग को वैधता अवधि एक बर्ष अर्थात २०७९/०६/१९ गते सम्म रहनेछ ।**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

**बि.ओ.के. क्यापिटल मार्केट लि.**
**B.O.K Capital Market Ltd.**
A subsidiary of Bank of Kathmandu Limited

नारायणचौर, नक्साल, काठमाडौं, नेपाल।
फोन नं.: ०१-४५१३४९६, ४५१३०९६
Email: info@bokcapital.com.np
Website: www.bokcapital.com.np

मिति २०७९/०६/०२ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गर्ने।